नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. ८८

मितिः २०८३/०५/१८

श्री गाउँपालिका सबै ।

श्री नगरपालिका सबै ।

विषयः मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बीसौं राष्ट्रिय दिवस सम्बन्धी सम्पूर्ण कार्यक्रम स्थगन गर्ने सम्बन्धमा।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको प.सं.: २०८३/०८४, च.नं. मा.बे.नि./२०, मिति २०८३/०५/०२ को पत्र मार्फत मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बीसौं राष्ट्रिय दिवस मनाउने सम्बन्धी पत्राचार भएकोमा मिति २०८३/०५/१५ को प्रेस विज्ञप्ति मार्फत मिति २०८३/०५/१० मा आएको बाढीका कारण भएको क्षतिमा विपद प्रतिकार्य, राहत र उद्धारमा सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय खटिनु पर्ने हुँदा २०८३ भाद्र २० गते मनाउन लागिएको मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बीसौं राष्ट्रिय दिवस सम्बन्धी सम्पूर्ण कार्यक्रम स्थगन गर्न लेखिआएको हुँदा आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

५।१८

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/ ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

प्रेस विज्ञप्ति

मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय दिवसको मूल समारोह यही मिति २०८३ भदौ २० गते "प्रविधिको सही प्रयोग र सजगता : मानव बेचबिखनरहित राष्ट्र निर्माणमा ऐक्यवद्धता" भन्ने नाराका साथ राष्ट्रिय नाचघर, जमलमा मनाउने तयारी भईरहेकोमा २०८३ भदौ १० गते रसुवा, नुवाकोट जिल्ला लगायत त्रिशूली नदी आसपासमा क्षेत्रमा बाढी आई ठूलो मात्रामा जनधनको क्षति भएको र हाल सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरु विपद् प्रतिकार्य, राहत र उद्धारमा खटिनुपर्ने भएको हुँदा भाद्र २० गते मनाउन लागिएको मानव बेचबिखन विरूद्धको २०औं राष्ट्रिय दिवस सम्बन्धित सम्पूर्ण कार्यक्रम स्थगन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

विपद्को यस अवस्थामा मानव बेचबिखन तथा ओसारपसार हुनबाट रोक्न र निरन्तर खबरदारी गर्नका लागि सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय र सरोकारवालाहरुमा मन्त्रालय अनुरोध गर्दछ।

भदौ १५, २०८३
नेपाल सम्वत् ११४६

(मिलन भट्टराई)
उपसचिव/सूचना अधिकारी

नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

(मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा)

प.सः ०८३/८४
च.नं.:- मा.बे.नि./ २०

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं.:०१-४२००२१

दर्ता नं.: ६८३
मितिः ५।३

मिति: २०८३।०५।०२
नेपाल संवत: ११४६

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

विषयः मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बीसौं राष्ट्रिय दिवस मनाउने सम्बन्धमा ।

सन् २००२ मा काठमाण्डौमा सम्पन्न दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को ११औं शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धी २००२ लाई वि.सं.२०६३ भाद्र २० गते तत्कालिन व्यवस्थापिका संसदबाट अनुमोदन गरेको दिनलाई स्मरण गर्दै नेपाल सरकारले हरेक वर्ष भाद्र २० गतेलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवस मनाउदै आएको छ। यस वर्ष "प्रविधिको सही प्रयोग र सजगताः मानव बेचबिखन रहित राष्ट्र निर्माणमा ऐक्यबद्धता" भन्ने राष्ट्रिय नाराका साथ मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बीसौं राष्ट्रिय दिवस २०८३ भाद्र २० गते मनाउन गइरहेको छ। उक्त दिवस कार्यक्रमलाई सफल बनाउन रचनात्मक, सृजनात्मक तथा सन्देशमूलक कार्यक्रम आयोजना गरी सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले साझा अभियानका रुपमा भव्य, सभ्य र व्यवस्थित रुपमा मनाउन ७५३ वटै स्थानीय तह र सो अन्तर्गतका वडा कार्यालय साथै विद्यालयहरुमा समेत अनिवार्य रुपमा दिवस मनाउन परिपत्र गर्ने व्यवस्थाका लागि आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिनुहुन मा. मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८३।०४।२९ गते बसेको मूल समारोह समितिको बैठकको निर्णयानुसार अनुरोध छ ।

(पुष्पादेवी राई)
शाखा अधिकृत

2 Mar